*बैठक संख्याः*

*श्री*

आज मिति २०७९ साल भाद्र १३ गते दिउसो ४:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

<u>उपस्थिति</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री ध्रुव थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |

| | | | |
|---|---|---|---|
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १६. | | श्री उमाकान्त चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी देवी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | रिता | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |

२८. श्री भरत लम्साल

२९. श्री [illegible] छेत्री

३०. श्री पिताम्बर खापकोटी

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिकाको निर्णय कार्यन्वयनको समीक्षा सम्बन्धमा ।
२. कर सहभागिता तथा व्यवसाय दर्ता अभियान, २०७९ संचालन सम्बन्धमा ।
३. फोहोरलाई स्रोतमै वर्गिकरण गर्ने अभियान संचालन गर्ने सम्बन्धमा ।
४. ट्रमा सेन्टर निर्माणको लागि जग्गा पहिचान गर्ने सम्बन्धमा ।
५. क्षमता विकास कार्यक्रम संचालन सम्बन्धमा ।
६. स्थानीय भू-उपयोग परिषद गठन सम्बन्धमा।
७. नागरिक बडापत्र सम्बन्धमा ।
८. नदीजन्य पदार्थ सम्बन्धमा ।
९. बजेट बाँडफाँड सम्बन्धमा ।
१०. तलवी प्रतिवेदन सम्बन्धमा ।
११. मेलमिलाप कर्ता सुचिकृत र अभिमुखिकरण कार्यक्रम संचालन सम्बन्धमा ।
१२. घर नक्सा पास सम्बन्धमा ।
१३. सेनेटरी प्याड सम्बन्धमा ।
१४. शोक प्रस्ताव सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १:**

- बर्दघाट नगरपालिका नगर कार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो।

**निर्णय नं. २:**

बर्दघाट नगरपालिकाको "आर्थिक ऐन, २०७९" बमोजिम सबै नागरिकहरुलाई कर तिर्न अभिप्रेरित गराउन देहाय बमोजिम गर्ने ।

- मिति २०७९।६।१ गते सरोकारवालाहरुसँग समन्वय गरी सार्वजनिक कार्यक्रम मार्फत "**कर सहभागिता तथा व्यवसाय दर्ता अभियान २०७९**" घोषणा गर्ने । उक्त अवसरमा नियमित रुपमा कर तिर्ने करदातालाई सम्मान गर्ने ।
- सबै वडा कार्यालयहरुले राजस्व शाखासँग समन्वय गरी वडा वडामा "**कर सहभागिता तथा व्यवसाय दर्ता अभियान २०७९**" संचालन गर्ने ।
- नगरपालिकाको संचित कोषबाट सुविधा लिने जनप्रतिनिधिज्यू, शिक्षक, स्वास्थ्यकर्मि, स्वयसेविका र कर्मचारीहरुले कानून अनुसार स्थानीय सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका कर, शुल्क र व्यवसाय गरेको भए व्यवसाय कर समेत असोज १५ सम्म बुझाई सक्नु पर्ने ।
- नगरपालिका मातहतका विभिन्न प्रकृतिका संघ संस्थाका पदाधिकारी (खानेपानी उपभोक्ता समिति, सामुदायिक वन, युवा क्लव, आमा समूह, उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स, बजार व्यवस्थापन समितिहरु, सामुदायिक विद्यालय, सामुदायिक क्याम्पस, सहकारी संस्था, टोल विकास समिति) हरुले नगरपालिकालाई कानून अनुसार तिर्नु पर्ने सबै प्रकृतिको कर, गैर कर र शुल्क बुझाई त्यसको जानकारी

आफू आवद्ध संस्थामा उपलब्ध गराउनका लागि आव्हान गर्ने । यसका लागि सबै सरोकारवालाहरुलाई नगरपालिकाले पत्रचार गर्ने ।

- आ. व. ०७३/०७४ देखि लागू गर्दै आएको सम्पत्तिकर, व्यवसाय कर लगायत अन्य स्थानीय करका बारेमा वडा अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यू र कर्मचारीहरु सहित अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

निर्णय नं. ३:

- संघीय सरकारबाट फोहोरमैला प्रशोधन केन्द्र स्थापना गर्नको लागि प्राप्त भएको बजेट कार्यान्वयनको लागि सामुदायिक बन लगायत सरोकारहरुसँग छलफल गरी उक्त आयोजना शिघ्र कार्यान्वयनमा लैजाने ।
- नगरपालिकाका जनप्रतिनिधिज्यू, कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मिहरुबाट फोहोरको स्रोतमा वर्गिकरण गर्ने अभियानको सुरुवात गरी आम नगरबासीलाई समेत छुट्टाउनको लागि आव्हान गर्ने ।
- नगरपालिका क्षेत्रबाट निस्कने फोहोरमैलालाई स्रोतमा नै वर्गिकरण गर्नको लागि सरोकारवालाहरुसँगको समन्वयमा माइकिङ्ग, रेडियो तथा टेलिभिजनबाट प्रचार प्रसार, जिङ्गल निर्माण, टोल विकास संस्थाहरुसँग छलफल लगायतका कार्यक्रम संचालन गर्ने । साथै नगर सरसफाई तथा हरियाली प्रवर्धन अभियान नगरपालिकाले निर्धारण गरेको मितिमा संचालन गर्ने ।
- फोहोर संकलन तथा व्यवस्थापनको जिम्मेवारी प्राप्त गरेको बर्दघाट बजार विकास समितिलाई अर्को निर्णय नभएसम्मको लागि फोहोर व्यवस्थापन ऐन, २०६८ बमोजिम अनुमति प्रदान गर्ने ।
- फोहोरमैलासंग सम्बन्धित परियोजना समयमै संचालन गर्न फोहोरमैला व्यवस्थापन आयोजना कार्यान्वयन सम्पर्क व्यक्ति तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने ।

निर्णय नं. ४

- संघीय सरकार, शहरी विकास तथा भवन निर्माण विभाग, सघन शहरी तथा भवन निर्माण आयोजना चितवनको च. नं. २१६, मिति २०७९/०५/०९ को योजना स्थल छनौट बारेको प्राप्त पत्रमा प्रस्तावित ट्रमा सेन्टर र चिसापानी अस्पताल निर्माणका लागि बर्दघाट-२ चिसापानीमा राष्ट्रिय आवास कम्पनीको स्वामित्वमा रहेको जग्गा प्राप्तिको लागि आवश्यक गृहकार्य गरी सिफारिस गर्न देहाय बमोजमिको समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| क) नगर प्रमुख | - | संयोजक |
| ख) उप प्रमुख | - | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| घ) अध्यक्ष वडा नं २ | - | सदस्य |
| ङ) सामाजिक विकास समितिका संयोजक | - | सदस्य |
| च) पूर्वाधार विकास समितिका संयोजक | - | सदस्य |
| छ) आर्थिक विकास समितिका संयोजक | - | सदस्य |
| ज) वन तथा वातावरण विकास समिति | - | सदस्य |
| झ) नगरपालिकाका कानूनी सल्लाहकार | - | सदस्य |
| ञ) स्वास्थ्य शाखा प्रमुख | - | सदस्य |
| ट) कृष्ण बहादुर थापा क्षेत्री | - | सदस्य सचिव |

निर्णय नं. ५

- बर्दघाट नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रमको सि. नं. ४८ कार्यान्वयन गर्ने शिलशिलामा नगरपालिकाका जनप्रतिनिधिज्यू र नगरपालिका मातहत कार्यरत कर्मचारीहरुको क्षमता विकास एवम् पुर्नताजगी कार्यक्रम मिति २०७९/०५/१८ मा तनहुँ रुपाकोट पाटी प्यालेस भुताहामा संचालन गर्ने । उक्त कार्यक्रममा स्रोत व्यक्तिको रुपमा नेपाल सरकारका पूर्व सचिव श्री कृष्णहरि बास्कोटालाई आमन्त्रण गर्ने

निर्णय नं. ६:

- भू-उपयोग ऐन, २०७६ को दफा १८ को उपदफा (२) बमोजिम सम्बन्धित नगर कार्यपालिकाले स्थानीय भू-उपयोग परिषदको रुपमा कार्य गर्नेछ भन्ने व्यवस्था बमोजिम बर्दघाट नगर कार्यपालिकालाई स्थानीय भू-उपयोग परिषद बर्दघाटको रुपमा काम गर्ने ।
- उक्त समितिलाई सहजकीरण गर्न सोही ऐनको दफा १० र नियमावलीको नियम १२ बमोजिम जग्गाको खण्डीकरण तथा नियन्त्रण गर्नको लागि दफा २० बमोजिमको कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) श्री शम्भुलाल श्रेष्ठ, नगर प्रमुख | - | अध्यक्ष |
| ख) सम्बन्धित वडाको वडा अध्यक्ष | - | सदस्य |
| ग) कृषि, वन, भूमि, सहरी विकास र भौतिक पूर्वाधार शाखाका प्रमुखहरु | - | सदस्य |
| घ) स्थानीय भू-उपयोग परिषदले तोकेको दुई जना महिला सहित चारजना | - | सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |

- सम्बन्धित वडा कार्यालयले उक्त समितिलाई आआफ्नो वडाको जग्गाको वर्गिकरण (कृषि र गैह्र कृषि लगायत) गरी ७ दिनभित्र यस समितिमा प्रतिवेदन पेश गर्ने ।

निर्णय नं. ७:

- नगरपालिका कार्यालयबाट तयार भई पेश भएको नागरिक बडापत्र माथि छलफल गरी पारित गरियो ।

निर्णय नं. ८

- नगरपालिकाको सूचना बमोजिम गत आं. ब. मा ठेक्का लागि सम्बन्धित ठेकेदारले उत्खनन गरी खजुरा खोलाको दुवै किनारमा घाटगद्दि गरि राखेको नदीजन्य पदर्थ हटाउनको लागि सम्बन्धित पक्षका नाममा १५ दिनको सूचना जारी गर्ने । सो समय भित्र उल्लिखित सामाग्री नहटाएमा नगरपालिकाले जफत गरी नगरको आवश्यकता अनुसार प्रयोगमा ल्याउने ।

निर्णय नं. ९

- वार्षिक कार्यक्रम (आ. व.२०७९/०८०)को **मर्मत सम्भार कोष** शीर्षक (ब. सि. नं. १६०) बाट रु. १२,००,०००/- (रु बाह्लाख रुपैया) चिसापानी अस्पतालमा थप भौतिक पूर्वाधार निर्माण र रु. ९,८०,०००/- (नौ लाख असि हजार रुपैया) पशु सेवा केन्द्र बर्दघाट -१४ को स्तरोउन्नतीमा खर्च गर्ने।

निर्णय नं.१०

- बर्दघाट नगर कार्यपालिकाको कार्यालयबाट तयार भई पेश हुन आएको नगरपालिकामा कार्यरत कर्मचारीहरुको आ.व २०७९/०८० को वार्षिक तलवी प्रतिवेदन पारित गर्ने ।

निर्णय नं ११

- न्यायिक समितिको काम कार्वाहीलाई छिटो, छरितो र प्रभावकारी बनाउन वडास्तरमा क्रियाशील मेलमिलाप कर्ताहरुलाई सुचिकृत गराउने र अपुग भएका वडाहरुमा कम्तिमा ३/३ जना मेलमिलाप कर्तालाई थप सुचिकृत गरी निजहरुको क्षमता विकास गर्न अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

निर्णय नं १२

नक्सा पास नगरी घर निर्माण गर्ने कामलाई निरुत्साहित गर्न तत्कालका लागि देहाय बमोजिम गर्ने

क) नगरपालिकाले जिङ्गल, माइकिङ्ग, रेडियो टि.भि. लगायतका संचार माध्यमबाट प्रचार प्रसार गर्ने ।

ख) वडा कार्यालयहरुले सूचना जारी गरी नक्सा पास गरेर मात्र घर बनाउनको लागि प्रेरित गर्ने ।

ग) सबै जनप्रतिनिधि तथा कर्मचारीहरुले आआफ्नो टोलछिमेकमा अनुमति नलिई निर्माण गर्न लागिएका घरधनीहरुलाई अनुमति लिएर मात्र घर निर्माण गर्नको लागि प्रोत्साहित गर्ने ।

घ) नगर प्रहरी परिचालन गरी अवैध रुपमा निर्माण गरिएका संरचनाहरुको पहिचान गर्ने । अनुमति नलिई निर्माण गर्न लागिएका संरचनाको निर्माण कार्य रोकि अनुमतिको प्रक्रियामा ल्याउने ।

ङ) टोल विकास संस्थालाई पत्राचार गरी आफ्नो टोल छिमेकका नागरिकहरुलाई नक्सा पास गरेर मात्र घर निर्माण गर्नको लागि प्रोत्साहित गर्न अनुरोध गर्ने ।

च) नगरपालिकामा कार्यरत प्राविधिकहरुका लागि छोटो अवधिको अभिमुखिकरण तालिम संचालन गर्ने

छ) नक्साको काममा संलग्न कर्मचारीहरुले नागरिकमैत्री भएर सेवा प्रदान गर्ने ।

निर्णय नं १३

- सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन कार्यवधि) २०७६, को दफा १४ (ख) बमोजिम बर्दघाट नगरपालिका सेनेटरी व्यवस्थापन समितिको लागि कार्यपालिका सदस्य श्री सुमित्रा ढकाल र ऐ (घ) का लागि श्री दिव्य ज्योति माध्यमिक विद्यालय, चिसापानीका शिक्षक श्री कल्पना खनाल ज्ञवाली र श्री गंगा माध्यामिक विद्यालय, गंगाबस्तीका शिक्षक श्री रेनुका न्यौपानेलाई मनोनय गर्ने ।

निर्णय नं १४

- बर्दघाट प्रज्ञा प्रतिष्ठानका कुलपति डा. घनश्याम न्यौपानेको ममतामयी माता श्री तारादेवी न्यौपानेको ९० बर्षको उमेरमा मिति २०७९/०५/१० मा भएको निधनले हामीलाई अत्यन्त दुःखी तुल्याएको छ । दुःखको यस घडीमा स्व. तारादेवी न्यौपानेप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त सहित शोक प्रस्वात पारित गरियो ।